**आकाशवाणी समाचार- नेपाली**

मितिः ०१ जनवरी २०२६

समयः ०७.२५ - ०७ः ३५ बजे (*अवधिः १० मिनट*)

**प्रमुख समाचार**

- आज नयाँ आशा, संकल्प र खुसीका साथ नयाँ बर्षलाई स्वागत गरिँदै छ, यस अवसरमा रास्ट्रपति द्रोपदी मुर्मुले नव वर्ष नयाँ ऊर्जा अनि सकारात्मक बदलावको प्रतीक भएको बताउनु भएको छ।

- केन्द्रीय मंत्रिमण्डलले हिजो छ लेन भएको नाशिक-सोलापुर कोरिडोरलाई स्वीकृति दिएको छ।

- केंद्रीय गृहमंत्री अमित शाहले हिजो कोलकाताको साइंस सिटीमा पार्टी संगठनको एक अहम बैठक गर्नुभयो।

- रक्षामंत्री राजनाथ सिंहले भन्नुभयो रामललाको प्राण प्रतिष्ठा पछि अयोध्या शहर धार्मिक अनि आध्यात्मिक पर्यटनको केन्द्र बनेको छ।

- मौसम विभागले दिल्ली, हरियाणा, चण्डीगढ,
- पूर्वी उत्तरप्रदेश, ओडिशा, पञ्जाब र पश्चिमी राजस्थानमा धैरै बाक्लो कुहिरो लाग्ने सम्भावना जताएको छ।

**नयाँ बर्ष**

भारतमा पनि नयाँ वर्ष २०२६ सुरु भएको छ । भारतका सहरहरूमा मानिसहरूले रङ्गीचङ्गी बत्ती र सङ्गीतका साथ उत्सव मनाए। महाराष्ट्रको पुणेमा बेलुन उडाएर नयाँ वर्षको स्वागत गरेका छन् । दिल्ली –एनसीआरबाहेक मुम्बई, अमृतसर, हैदराबाद, ग्वालियर, बैंगलोर, सोनमर्ग, फिलिपिन्सको राजधानी मनिला, चीन, हङकङ, मलेसियाको क्वालालम्पुर, सिंगापुर, दक्षिण कोरिया, उत्तर कोरिया, जापान, अष्ट्रेलियाको सिड्नी शहरका मानिसहरूले २०२६ को सुरुवात पूर्ण उत्साह र अपेक्षाका साथ गरे। मानिसहरुले बितेको वर्षलाई बिदाइ गर्दै नयाँ वर्षलाई नयाँ आशा, संकल्प र खुसीका साथ स्वागत गरेका छन् ।
राष्ट्रपति द्रौपदी मुर्मुले हिजो नव वर्ष 2026 को पूर्व संध्यामा देश अनि विदेशका नागरिकहरुलाई शुभकामना दिनुभएको छ। उहाँले भन्नुभयो नव वर्ष नयाँ ऊर्जा अनि सकारात्मक बदलावको प्रतीक हो। यसका साथै आत्मचिंतन अनि नयाँ संकल्पहरुलाई अवसर प्रदान गर्दछ। राष्ट्रपति मुर्मुले सबैसित राष्ट्र विकास, सामाजिक सद्भाव अनि पर्यावरण संरक्षण प्रति आफ्नो प्रतिबद्धतालाई मजबूत गर्ने आग्रह गर्नुभयो। उहाँले आशा व्यक्त गर्दै भन्नुभयो 2026 सबैका लागि सुख, शांति र समृद्धि लिएर आउने छ अनि एक मजबूत अनि समृद्ध भारत निर्माणका लागि नयाँ ऊर्जाको संचार गर्नेछ।

**प्रधानमंत्री सुभकामना**

प्रधानमंत्री नरेंद्र मोदीले समुद्रमा यात्रा गरिरहेको पारंपरिक नौकायन पोत आईएनएसवी कौंडिन्यका चालक दललाई नयाँ बर्षको शुभकामना दिनुभएको छ। प्रधानमंत्रीले उनीहरुको उत्साह, समर्पण अनि राष्ट्र प्रति सेवाको भावनाको सराहना गर्नुभयो।प्रधानमंत्री मोदीले एक्समा आईएनएसवी कौंडिन्य दलको तर्फबाट पठाइएको तस्वीर देखेर प्रसन्नता व्यक्त गर्नुभयो। उहाँले भन्नुभयो, समुद्रमा रहेर पनि दलको जोश अनि सकारात्मक ऊर्जा प्रेरणादायक छ। प्रधानमन्त्रीले नयाँ बर्षको अवसरमा

दलको सुरक्षित, सुखद अनि सफल यात्राको कामना गर्नुभयो| आईएनएसवी कौंडिन्य एक पारंपरिक नौकायन पोत हो, जसलाई प्राचीन भारतीय जहाज़हरुको संरचनाबाट प्रेरित भएर तयार गरिएको हो ।

**केन्द्रीय मंत्रिमण्डल स्वीकृति**

केन्द्रीय मंत्रिमण्डलले हिजो छ लेन भएको नाशिक-सोलापुर कोरिडोर स्वीकृति दिएको छ। नयाँ दिल्लीमा मंत्रिमंडलको आर्थिक मामिला समितिको बैठकपछि सूचना अनि प्रसारण मंत्री अश्विनी वैष्णवले भन्नुभयो, नाशिक-सोलापुर कोरिडोरले धेरै महत्वपूर्ण शहरहरुलाई कनेक्टिविटी प्रदान गर्दछ।श्री वैष्णवले बताउनु भए अनुसार मंत्रिमंडलले ओडिसामा राष्ट्रीय राजमार्ग-326 लाई चौडादार गर्ने संबंधी परियोजनालाई पनि स्वीकृति दिएको छ।श्री वैष्णवले भन्नुभयो यो बुनियादी ढांचा प्रधानमंत्री गतिशक्ति राष्ट्रीय मास्टर प्लान सिद्धांत अंतर्गत एकीकृत परिवहन बुनियादी ढांचाको विकासमा सुविधा पुराउने दिशामा महत्वपूर्ण कदम हो।श्री वैष्णवले भन्नुभयो नरेंद्र मोदी सरकारको तेस्रो कार्यकालमा जून 2024 देखि केंद्रीय मंत्रिमण्डलले 12 लाख 60 हजार करोड़ रुपियाँ भन्दा अधिकको बुनियादी ढांचा परियोजनाहरुलाई मंज़ूरी दिएको छ। श्री वैष्णवले भन्नुभयो, यो परियोजनाहरु देशको दीर्घकालीन  समयको विकासका लागि महत्वपूर्ण साबित हुनेछ।प्रधानमंत्री नरेंद्र मोदीले भन्नुभयो मंत्रिमण्डलले ओडिशामा राजमार्गलाई चौड़ा गर्नाले यात्रा तेज़ हुनेछ अनि गजपति, रायगढ़ अनि कोरापुटमा कनेक्टिविटीमा सुबिधा हुनेछ। उहाँले भन्नुभयो यो परियोजनाले रोज़गारको अवसर सृजित गर्नेछ। पर्यटन अनि उद्योगलाई बढ़ावा दिनका साथै जनजातीय क्षेत्रमा समावेशी विकासलाई गति मिल्ने छ। प्रधानमंत्रीले भन्नुभयो महाराष्ट्रमा नासिक-सोलापुर-अक्कलकोट ग्रीनफील्ड कॉरिडोरको परिवर्तनकारी परियोजनाले यात्राको समयलाई धेरै कम गर्नेछ।

**प्रधानमन्त्री बैठक अध्यक्षता**

प्रधानमंत्रीले हिजो नयाँ दिल्लीमा प्रगतिको 50 औ बैठकको अध्यक्षता गर्नुभयो। यो बैठक प्रधानमंत्री मोदीको नेतृत्वमा सहकारी, परिणाम केन्द्रित शासनको एक दशक लामो यात्रामा महत्वपूर्ण अवसर हो।  श्री मोदीले सड़क, रेलवे, बिजली, जल संसाधन अनि कोयला सहित विभिन्न क्षेत्रमा पांच महत्वपूर्ण बुनियादी ढांचा परियोजनाहरुको समीक्षा गर्नुभयो। यी परियोजनाहरु पांच राज्यहरुमा लागु छ।  परियोजनाहरुको कुल लागत 40 हजार करोड़ रुपियाँ भन्दा  अधिक छ।

प्रधानमंत्रीले भन्नुभयो, पछिलो एक दशकमा, प्रगतिको नेतृत्वका तंत्रले 85 लाख करोड़ रुपियाँभन्दा अधिकको परियोजनाहरुलाई गति दिनमा सहायता प्रदान गरेको छ। उहाँले भन्नुभयो सुधारको गतिलाई यथावत राख्न  अनि डिलीवरी सुनिश्चित गर्नका लागि प्रगति आवश्यक छ।

**अमित शाह कोलकाता**

पश्चिम बंगालमा विधानसभा चुनाव अघि भारतीय जनता पार्टीले आफ्नो रणनीतिलाई धार दिन शुरू गरेको छ। यसै क्रममा  केंद्रीय गृहमंत्री अमित शाहले हिजो कोलकाताको साइंस सिटीमा पार्टी संगठनको एक अहम बैठक गर्नुभयो। यस बैठकलाई चुनावी तयारीको कोणबाट खुबै महत्वपूर्ण मानिएको छ।

बैठकमा राज्य संगठनको वर्तमान स्थिति, कार्यकर्ताहरुको सक्रियता अनि बूथ स्तर सम्म संगठनलाई मजबूत गर्ने बिषयमा विस्तारपुर्वक चर्चा भयो। श्री शाहले नेताहरुलाई स्पष्ट भन्नुभयो, आगामी विधानसभा चुनाव बंगालका लागि निर्णायक हुनेछ अनि पार्टीलाई हर स्तरमा पुरा तयारीसित मैदानमा उत्रिन पर्नेछ । उहाँले जमीनी हालतको समीक्षा गर्दै संगठनमा तालमेल अनि अनुशासन माथि विशेष जोड दिनुभयो।

साइंस सिटीमा भएको यस बैठकमा पार्टीका वरिष्ठ नेता, संगठन पदाधिकारी अनि चुनावी रणनीतिका प्रमुखहरु उपस्थित थिए। शहरी क्षेत्रमा पार्टीको स्थिति, मतदाताहरु सम्म पहुंच अनि स्थानीय मुद्दालाई लिएर पनि मंथन गरियो। अमित शाहले कार्यकर्ताहरुलाई संदेश दिनु भयो, जनता बीच लगातार संपर्क बनाइ राख्न अनि सरकारको नीतिहरुलाई स्पष्ट रुपले पुराउन जरूरी छ।बैठक अवधि बंगालको राजनीतिक परिस्थिति, विपक्षको रणनीति अनि आगामी महीनाको कार्ययोजनामाथि पनि विचार

गरियो। यस बैठकको माध्यमले अमित शाहले संगठनलाई चुनावी मोडमा ल्यउने स्पष्ट संकेत दिएको अनुमान लगाईएको छ|समग्रमा, साइंस सिटीमा भएको यो संगठनात्मक बैठक विधानसभा चुनाव अघि भाजपाका लागि एक ठुलो शक्ति परीक्षणको रुपमा हेरिएको छ।

**रामललाको प्राण प्रतिष्ठाको दोस्रो बर्ष**

रक्षामंत्री राजनाथ सिंहले भन्नुभयो रामललाको प्राण प्रतिष्ठा पछि अयोध्या शहर धार्मिक अनि आध्यात्मिक पर्यटनको केन्द्र बनेको छ। भगवान रामको महिमाले न केवल भारतलाई तर पुरा बिस्वलाई उज्यालो गर्दछ । रक्षामंत्री श्री राम जन्मभूमि मंदिरमा भगवान राम ललाको प्राण प्रतिष्ठाको दोस्रो वर्षगांठ समारोहमा सामेल हुनु भयो । उहाँले श्री राम जन्मभूमि परिसरमा स्थित मां अन्नपूर्णा मंदिरको शिखरमा धर्म ध्वजा स्थापित गर्नुभयो।

गृह मंत्री अमित शाहले राम मंदिरको प्राण प्रतिष्ठाको दोस्रो वर्षगांठको अवसरमा हार्दिक शुभकामना दिनु भयो। श्री शाहले भन्नुभयो दुइ वर्ष अघि प्रधानमंत्री मोदीले श्री राम जन्मभूमि मंदिरमा रामललाको मूर्तिको प्राण प्रतिष्ठा गरी पांच सय वर्षको पर्खाईलाई समाप्त गर्नुभएको थियो।

**रक्षा मंत्री राजनाथ सिंह**

रक्षा अनुसंधान अनि विकास संगठनले ओडिसाको तटबाट अर्को एकै लॉन्चरले दुइ प्रलय मिसाइलहरुको सफल परीक्षण गरेको छ। हाम्रो संवाददाताको यो रिपोर्ट ..

रक्षा मंत्री राजनाथ सिंहले कम समयमा लगातार मिसाइलहरुको सफल परीक्षणमा रक्षा अनुसंधान अनि विकास संगठन वायु सेना, थल सेना, सार्वजनिक क्षेत्रका रक्षा उपक्रमहरु अनि उद्योगहरुलाई बधाई दिनुभयो।

**निमेसुलाइड युक्त दवाई प्रतिबंध**

सरकारले 100 मिलीग्राम अधिक निमेसुलाइड युक्त सबै दवाईको निर्माण, बिक्री अनि वितरण माथि प्रतिबंध लगाएको छ । स्वास्थ्य अनि परिवार कल्याण मंत्रालयले राजपत्र अधिसूचनामा भन्नुभयो, यो कदम औषधि तकनीकी सलाहकार बोर्ड परामर्शसहित उठाइएको हो।

यसलाई औषधि अनि सौंदर्य प्रसाधन अधिनियम, 1940 को धारा 26ए अन्तर्गत प्रतिबंधित गरिएको हो। यस अधिसूचनामा बताइएको छ  निमेसुलाइड युक्त सबै दबाई उपयोग स्वास्थ्यका लागि जोखिमहुन्पूर्ण हुन् सक्ने छ। अधिसुचना निमेसुलाइडको सुरक्षित विकल्प बाजारमा उपलब्ध छ।

निमेसुलाइड एक नॉनस्टेरॉइडल एन्टी-इन्फ्लेमेटरी दवाइ हो। यसको उपयोग तीव्र दुखाईको उपचारमा गरिन्छ।

**ताइवान चीन संकट**

ताइवानमा चीन द्वारा द्वीप वरीपरी गरिएको सैन्य अभ्यास पछि ताइवान हाई अलर्टमा छ। ताइवानका रक्षा मंत्रालयले बताए अनुसार लगभग 125 चीनी सैन्य विमानहरुले ताइवान जलडमरूमध्यको मध्य रेखालाई पार गरी ताइवानको हवाई रक्षा क्षेत्रमा प्रवेश गर्यो।

ताइवानका राष्ट्रपति लाई चिंग-ते ले एक बयानमा चीन द्वारा गरिएको अभ्यासमाथि चाडो प्रतिक्रियाका लागि सेनाको प्रशंसा गर्नुभयो। उहाँले जापान नजिक अनि दक्षिण चीन सागरमा बीजिंगको सैन्य गतिविधिहरुको कडा निंदा पनि गर्नु भयो।यस घटनाक्रम

अमरीका द्वारा ताइवानका लागि 10 अरब डॉलर भन्दा अधिकको हथियार पैकेजलाई मंजूरी दिएको केहि दिनपछि अघि आएको हो।

**<u>मौसम</u>**

**मौसम विभागले दिल्ली, हरियाणा, चण्डीगढ, पूर्वी उत्तर प्रदेश, ओडिशा, पञ्जाब र पश्चिमी राजस्थानमा धेरै बाक्लो कुहिरो लाग्ने सम्भावना रहेको ओरंज अलेर्ट जारी गरेको छ। मौसम विभागले बिहार, पूर्वी राजस्थान, हिमाचल प्रदेश, जम्मू कश्मीर, लद्दाख र झारखण्डमा पनि बाक्लो कुहिरो लाग्ने पूर्वानुमान गरेको छ।**